# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
## नरहरिनाथ गाउँपालिका
## कालिकोट




महालेखापरीक्षकको कार्यालय
काठमाडौँ, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(प्रदेश नं. ५, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश )

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या:२०७६/७७
च.नं - ९२

मिति: २०७७/३/२६

श्री अध्यक्षज्यू,
गाउँ कार्यपालिकाको कार्यालय,
नरहरिनाथ गाउँपालिका कालिकोट ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ। उक्त प्रतिवेदन लेखपारीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनकोलागि अनुरोध छ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २६ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(प्रदेश नं. ५, कर्णाली प्रदेश तथा सुदूरपश्चिम प्रदेश)

Phone : 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६।७७
च.नं. – ९.१

मितिः २०७७।३।२६

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
गाँउ कार्यपालिकाको कार्यालय,
नरहरिनाथ गाउँपालिका कालिकोट ।

**कैफियत सहितको राय**

हामीले नरहरिनाथ गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य विवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.१ करोड ७३ लाख ८५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.४७ लाख ९२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२३ लाख ६९ हजार, नियमित गर्नुपर्ने रु.६९ लाख २२ हजार, पेश्की बाँकी रु.३३ लाख २ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०६।०९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना १७ (सत्र) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७७।३।२६
(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

**नरहरीनाथ गाँउपालिका**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७५/७६**

**परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणि र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने नरहरीनाथ गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु गाँउपालिकाको उद्देश्य रहेको छ । कर्णाली प्रदेशमा अवस्थित यस पालिका अर्न्तगत ९ वडा रहेका छन् । गाँउपालिकाको क्षेत्रफल १४३ व.की.मी. रहेको छ। जनगणना २०६८ अनुसार यहाँको जनसख्या २११८३ रहेको छ।

**स्थानीय संचितकोष -** आर्थिक वर्ष २०७५/७६ स्थानीय संचित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

## लेखापरीक्षणको प्रारम्भिक प्रतिविदन

कार्यालयको नाम : **श्री नरहरीनाथ गाउँपालिका, कालीकोट ।**
आर्थिक वर्ष **: ०७५/७६**

| | नम | कार्यरत अवधि | | बेरुजु रकम |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| **कार्यालय प्रमुखः** | राम बहादर सारु | २०७५/४/१ | २०७५/९/१३ | **१,७३,८४,७४३/-** |
| | जिबलाल कुँवर | २०७५/१०/१८ | २०७५/१२/१५ | |
| | धर्मेन्द्र शाहा | २०७६/१/३ | २०७६/२/१३ | |
| | लाल बहादुर मल्ल | २०७६/२/१४ | २०७६/३/३१ | |
| **लेखा प्रमुखः** | हिरासिंह बोहरा | २०७५/४/१ | २०७५/६/७ | |
| | तेजेन्द्र प्रसाद गौतम | २०७५/६/७ | २०७५/१२/१५ | |
| | हिरासिंह बोहरा | २०७५/१२/१६ | २०७६/३/३१ | |

| | आयतर्फ | | | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| सि.नं | विवरण | रकम | सि.नं | विवरण | रकम |
| १ | गत बर्षको जिम्मेवारी | ८२००५७२४.२१ | १ | वित्तीय समानिकरण चालु खर्च | ७३९१२२०६.४५ |
| २ | आन्तरिक राजश्व | ११७६०८१.७३ | २ | वित्तीय समानिकरण पूजिगत खर्च | १२७१८८७५७.०० |
| ३ | राजश्व वाँडफाँड | ७०१५७०२९.२० | ३ | सामाजिक सुरक्षा अनूदान | ५६२३२९००.०० |
| ४ | वित्तीय समानिकरण अनुदान संघ | १२३४००००००.०० | ४ | प्रदेश तथा स्थानीय तह क्षमता बिकास | ३०५०००.०० |
| ५ | वित्तीय समानिकरण अनुदान प्रदेश | ५१४१०००.०० | ५ | स्थानीय बिकास साझेदारी | ४३४२६७२.०० |
| ६ | सर्शत अनुदान | १७५८०३०००.०० | ६ | शर्शत अनुदान | १५३८५४६२८.१० |
| ७ | सामाजिक सुरक्षा अनुदान | ५६२३२९००.०० | ७ | प्रधानमन्त्री रोजगार | ५०९३९६४.०० |
| ८ | प्रदेश तथा स्थानिय तह क्षमता बिकास | ३०५०००.०० | ८ | झोलुङे पुल निर्माण | ४१७२०८०.०० |
| ९ | प्रधानमन्त्री रोजगार | ५०९३९६४.०० | ९ | साना सिंचाई कार्यक्रम | ८७२०४२२.०० |
| १० | झोलुङे पुल निर्माण | ४१७२०८०.०० | १० | बहुक्षेत्रीय पोषण | १४०१५००.०० |
| ११ | साना सिंचाई कार्यक्रम (स्विस सरकार) | ८७२०४२२.०० | ११ | बैंक मौज्दात | ६७८५०८१७.४० |
| १२ | बहु क्षेत्रीय पोषण | १४०१५००.०० | १२ | कोलेनिका फिर्ता | २९३४७३३७.१९ |
| १३ | स्थानीय पूर्वाधार बिकास साझेदारी | ४३४२६७२.०० | १३ | धरौटी बाँकी | ५५२९०५३.०० |
| | **जम्मा :** | **५३,७९,५१,३७३.१४** | | **जम्मा :** | **५३,७९,५१,३३७.१४** |

<table>
<tr><th>सि.नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>कार्यालयबाट प्राप्त आर्थिक विवरण एवं आर्थिक कारोबारहरुको, स्विकृत बार्षिक लेखापरीक्षण योजना बमोजिम तयार गरिएको जोखिममा आधारित इकाईगत लेखापरीक्षण योजना अनुसार पेश भए सम्मको श्रेस्ता एवं प्रमाण कागजातहरुको आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका ब्यहोरा उपर मिति २०७६/०६/०९ मा गाँउपालिका अध्यक्ष लगायत व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्नानुसार छन् ।</td><td></td></tr>
<tr><td></td><td>लेखापरीक्षणको क्रममा प्रारम्भिक प्रतिवेदनको मस्यौदा उपलव्ध गराएपछि निम्नानुसारको रकम स्थानिय एवं संघीय संचितकोषमा दाखिला भएको छ ।
<table>
<tr><th>सि.नः</th><th>विवरण</th><th>रकम</th><th>दाखिला भएको कोष</th></tr>
<tr><td>१.</td><td>शर्शत अनुदान फिर्ता</td><td>२८९१५०७३</td><td>संघिय संचित कोष</td></tr>
<tr><td>२.</td><td>बेरुजु</td><td>५६५०</td><td>संघिय संचित कोष</td></tr>
<tr><td>३</td><td>लुगा भत्ता</td><td>१५०००</td><td>स्थानिय संचित कोष</td></tr>
<tr><td>४</td><td>सामाजिक कर फिर्ता</td><td>४३५५००</td><td>संघिय संचित कोष</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२,९३,७१,२२३.००</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>१.</td><td>सेवा प्रवाह स्थिती - गाँउपालिकाबाट प्राप्त भएको विवरण अनुसार यो वर्ष निम्नानुसार सेवा प्रवाह गरेको देखिन्छ ।
<table>
<tr><th>सि.नं</th><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>१.</td><td>जन्म मृत्यु दर्ता</td><td>२०५</td></tr>
<tr><td>२.</td><td>नाता प्रमाणित</td><td>४०</td></tr>
<tr><td>३.</td><td>जन्म मृत्यु दर्ता</td><td>२१००</td></tr>
<tr><td>४.</td><td>अन्य</td><td>१००</td></tr>
</table>
स्थानीयवासीहरुलाई उपरोक्तानुसारको सेवा प्रवाह गर्दा गाँउपादिकाले तदअनुसारको प्रक्रियालाई छिटो, छरितो, सरल, पारदर्शि एवम सेवा मैत्री वनाउने तर्फ आफ्ना संयन्त्रहरुलाई अझ वढी प्रभावकारी रुपमा परिचालन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२.</td><td>खर्च गर्ने अख्तियारी र कार्यविधि - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । गाँउपादिकाको आर्थिक वर्ष २०७५।७६ को आय-व्ययको प्रक्षेपण २०७५ आषाढ ३० मा सभावाट स्वीकृत भएकोमा स्वीकृत भएको ७ दिन भित्र प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी उपलव्ध गराएको देखिएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३.</td><td>लेखा - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ को उपदफा २ मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत लेखा ढाँचा अनुसार राख्नुपर्ने व्यवस्था भएकोमा गाँउपालिकाले शीर्षकगत खर्चको नियन्त्रणमा सहयोग गर्ने वजेट सिट ( म.ले.प फा.नं ८) नराखेकोले शीर्षकगत खर्च नियन्त्रण सम्वन्धमा परीक्षण हुन सकेन ।</td><td></td></tr>
<tr><td>४.</td><td>मध्यकालीन खर्च संरचना - अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहित देहायको विवरण सहित मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले उक्त बमोजिम मध्यकालीन खर्चको संरचना तयार नगरेकोले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा मध्यकालीन खर्च संरचना समेत तयार गर्नुपर्दछ ।<br>(क) प्रस्तावित योजनाको उद्देश्य,<br>(ख) प्रस्तावित योजनाको लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुट्याउन आवश्यकताको पुष्ट्याई,</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | (ग) प्रस्तावित योजना कार्यन्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि,<br>(घ) प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण,<br>(ङ) खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण,<br>(च) प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादाम्यता,<br>(छ) सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुटयाइएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण । | |
| ५. | **मालसामानको लागत अनुमान -** सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार नगरी मालसामान खरिद गरेकोले नियमानुसार लागत अनुमान तयार गरी खरिद कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६. | **कारोवारको लेखा एवं प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा गाँउपालिकाले नेपाल सरकारले निर्धारण गरे वमोजिमको आय व्ययको वर्गिकरण तथा खर्च शीर्षक सम्वन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै दफा ७६(४) मा गाँउपालिका तथा वडा कार्यालयले आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गते भित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकारबाट २०७४।७५ देखि स्थानीय तहमा लागु हुने गरी एकीकृत आर्थिक संकेत, तथा वर्गीकरण र व्याख्या, २०७४ तयार गरी कार्यान्वयन गरिएकोमा गाँउपालिकाले सो बमोजिम लेखा राखेको पाईएन । साथै आर्थिक प्रतिवेदन तयार गरी सार्वजनिक समेत गरेको नदेखिएकोले ऐनको पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ७. | **स्थानीय सञ्चित कोषको लेखा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ मा स्थानीय सञ्चित कोष रहने र गाँउपालिकाले सवै आम्दानी यसै कोषमा जम्मा गरी स्थानीय कानुन वमोजिम खर्च गर्न स्थानीय तहको आफ्नो छुटै बैंक खाता खोली अभिलेख राख्नु पर्ने व्यवस्था छ । गाँउपालिकाले स्थानीय सञ्चित कोषमा रकम जम्मा गरी खर्च लेखाङ्कन गर्ने गरेको भएतापनि लेखाप्रणालीको सर्वमान्य सिद्धान्त अनुसार यसको छुट्टै लेखा तयार गरेको देखिएन । यसले गर्दा वर्षान्तमा बाँकी रहेको रकम समेत स्थानीय सञ्चितकोष फिर्ता गरे नगरेको स्पष्ट भएन । | |
| ८. | **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाँउपालिकाले आन्तरिक नियन्त्रण सम्वन्धि निर्देशिका तयार नगरेको, खर्चको सार्वजनिकरण तथा सामाजिक लेखापरीक्षण नगरेको, भ्रमण अभिलेख नराखेको, गाडीहरुको मर्मत सम्भारको विवरण (म.ले.प.फा. नं.-२) नराखेको तथा गाँउसभावाट सार्वजनिक लेखा समिति गठन गरी आय व्ययको हिसाव समेत परीक्षण गरेको देखिएन । अतः संचालित कार्यलाई प्रभावकारी, नियमित र दक्षतापूर्ण ढंगवाट सम्पादन गरी उत्तम नतिजा प्राप्त गर्न आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धि निर्देशिका तयार गरी कार्यान्वयन हुनुपर्दछ । | |
| ९. | **श्रोत अनुमान तथा वजेट सीमा -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाँउपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्यनमा ल्याएता पनि ठुला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा राखेको पाईएन । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा वजेट व्यवस्थापन गरी आगामी दिनमा वजेट तथा श्रोतको प्राथमिकता तयार गरी योजना कार्यान्वयनमा ल्याउनु पर्दछ । | |

| | | |
|---|---|---|
| १०. | **स्थानीय तथ्याङ्क र अभिलेख** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाँउपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले स्थानीय तथ्याङ्क सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्याङ्कले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाँउपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । आगामी आर्थिक वर्ष देखि अभिलेख व्यवस्थीत गरिने कार्यालयको भनाई रहेको छ । | |
| ११. | **विद्युतिय लेखा -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नुपर्ने तथा महालेखा नियन्त्रक कार्यालयले सबै गाँउपालिकाहरुलाई निशुल्क रुपमा उपलब्ध गराईएको (SUTRA) Sub National Treasury regulatory application प्रयोग गरी लेखा राख्नु पर्ने व्यवस्था छ । गाँउपालिकाले उपरोक्त अनुसारको Sutra प्रयोग गरी लेखा राख्नु पर्दछ । | |
| १२. | **वक्यौता रकम असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । नगरपालकाले उठ्नुपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ति विक्री, मालपोत, कर दस्तुरको वडागत लगत तयार नगरेवाट वक्यौता देखिन सक्ने अवस्था रहेन । उठ्नुपर्ने राजस्वको समष्टिगत लगत र वास्तविक प्राप्तीको अभिलेख तयार गरी सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्ने तर्फ विशेष रुपमा ध्यान दिनुपर्दछ । | |
| १३. | **आन्तरिक लेखापरीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ को उपदफा २ बमोजिम स्थानीय तहले कानुन बमोजिम आफनो आय-व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । गाँउपालिकाले हालसम्म पनि आन्तरिक लेखापरीक्षण सम्वन्धी कानुन वनाएको देखिएन । यो वर्ष संघीय मामिला तथा सामान्य प्रशाासन मन्त्रालयको निर्देशन अनुसार कोष तथा लेखा नियन्त्रक कार्यालयलाई अनुरोध गरी लेखा परीक्षण गराउने व्यवस्था गरेकोमा सो बमोजिम यस गाँउपालिकाले आन्तरिक लेखापरीक्षण गराएको देखिएन । यसले गर्दा आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको देखिन्छ । अतः आन्तरिक लेखापरीक्षण सम्वन्धमा स्पष्ट व्यवस्था गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सबल र सक्षम बनाउनु पर्दछ । | |
| १४. | **आन्तरिक आय सम्वन्धमा -** गाँउपालिकाले यो वर्ष रु.११,००,०००।- आय प्रक्षेपण गरेकोमा रु. ११,७६,०८१।७३ राजस्व प्रषेपणको १०६.९ प्रतिशत आर्जन गरेको देखिन्छ । गाँउपालिकाले गरेको खर्चको तुलनामा आन्तरिक आय अत्यन्त न्यून रहेको देखियो । गाँउपालिकाले आन्तरिक आय वृद्धि गर्ने तर्फ ध्यान दिनु पर्दछ । आन्तरिक आय व्यवस्थापन सम्वन्धमा देखिएको व्यहोराहरु निम्नानुसार रहेका छन् । | |
| १४.१ | **रसिद नियन्त्रण खाता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टी गरी त्यसलाई दैनीक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ । कार्यालयले राजश्व असूलीमा प्रयोग हुने रसिद के कति छपाई गर्यो, गत विगतका कति रसीद बाँकी थिए र यो वर्ष कति खर्च भई के कति आगामी वर्षको लागि जिम्मेवारी सारेको छ तथा वडाहरुमा के कति रसिद पठाएको हो सो खुल्ने रसिद नियन्त्रण खाता अद्यावधिक नगरेकोले राजश्व असूलीमा प्रयोग हुने रसिद उपर्युक्त ढङ्गवाट प्रयोग भएको छ भन्न सकिने आधार भएन । गाँउपालिकाको कतिपय वडाले आफैले रसिद समेत छापेको र सो को आम्दानी पालिकामा नरहेको अवस्था छ । आम्दानी जस्तो संवेदनशील विषयमा गम्भिर भई रसिदको प्रयोगलाई व्यवस्थित बनाइनु पर्दछ । | |
| १४.२ | **राजश्वको अभिलेख -** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष राजश्व आम्दानी तर्फ नगदि रसिद काटेतापनि म.ले.प.फा.नं. १०८(क), १०८(ख) एवं १०८ खाता नराख्नुका शाथै राजस्वको बैंक नगदी किताब म.ले.प.फा.नं. २३, राजस्व बैंक दाखिला विवरण म.ले.प.फा.नं. १०९ समेत नराखेको तथा दैनिक राजश्व असूलीको गोश्वारा भौंचर (म.ले.प.फा.नं. १०(क) उठाएको देखिएन । नियमावलीको व्यवस्था अनुसार सबै म.ले.प.फा.नं. राखि राजश्व असूली लेखा व्यवस्थित गर्नुपर्दछ । साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो । असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ | |

| | | |
|---|---|---|
| | । आम्दानी जस्तो संवेदनशील विषयमा गम्भिर भई अनिवार्य रूपमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ । | |
| १४.३ | यस गाँउपालिकाले जम्मा आम्दानी देखाए तापनि रसिद नियन्त्रण खाता तथा रसिदहरु पेश नगरेको हुँदा आम्दानी के कति हो सो को एकिन हुन नसकेको । | |
| १५. | **पदाधिकारी सुविधा -** नेपालको संविधानको धारा २२७ मा गाँउसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्वन्धमा प्रदेश कानुन वमोविम हुने व्यबस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धि ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यबस्था अनुसार गाँउपालिकाले देहाय वमोजिम रु.६०,५६,४००। सुविधा वापत भुक्तानी गरेको छ । | |

| विवरण | प्रमुख/अध्यक्ष | उपप्रमुख | वडाअध्यक्ष ९ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य ३४ जना | जम्मा |
|---|---|---|---|---|---|---|
| मासिक सुविधा | ३९००००.०० | ३२५०००.०० | २२२३०००.०० | ७८००००.०० | २२१००००.०० | ५९२८०००.०० |
| संचार सुबिधा (मासिक) | २४०००.०० | १८०००.०० | ८६४००.०० | ०० | ०० | १२८४००.०० |
| **जम्मा** | **४१४०००.००** | **३४३०००.००** | **२३०९४००.००** | **७८००००.००** | **२२१००००.००** | **६०५६४००.००** |

| | | |
|---|---|---|
| १६. | **पदाधिकारी पोशाक सुविधा -** नेपालको संविधानको धारा २२७ मा गाउँसभा र नगरसभाका सदस्यले पाउने सुविधा प्रदेश कानुन बमोजिम हुने उल्लेख छ । कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ मा पदाधिकारीहरुलाई पोशाक सुविधा पाउने व्यवस्था छैन । गाउँपालिकाका अध्यक्ष एवं कार्यपालिका सदस्य १७ जनालाई पोशाक खर्च रु.१,५३,०००। उपलब्ध गराएको देखिएकोले कानुन विपरित प्रदान गरिएको पोशाक सुविधा असूल गर्नुपर्ने रु... | १,५३,०००/- |
| १७. | **वैठक भत्ता -** नेपालको संविधानको धारा २२७ मा गाउँसभा र नगरसभाका सदस्यले पाउने सुविधा प्रदेश कानुन बमोजिम हुने उल्लेख छ । कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को अनुसूचि १ मा उल्लेख नभएको निम्नानुसारको भत्ता सुविधा लिएकोले कानुन विपरितको उक्त सुविधा असूल गर्नुपर्ने रु.. | २७,३५,५००/- |

| भौ.नं. र मिति | विवरण | भत्ता रकम |
|---|---|---|
| २३- २०७५/८/११ | वडा नं. १ को आ.व. ०७४/०७५ को छुट बैठक भत्ता | १०८०००.०० |
| २४- २०७५/८/११ | वडा नं. २ को आ.व. ०७४/०७५ को छुट बैठक भत्ता | १०८०००.०० |
| ७४- २०७५/११/१३ | वडा नं. २ को ०७५ पछिको बैठक भत्ता | १२००००.०० |
| ७५- २०७५/११/१३ | वडा नं. १ को ०७५ पछिको बैठक भत्ता | १२६०००.०० |
| ७५- २०७५/११/१३ | वडा नं. ६ को ०७५ श्रावणको बैठक भत्ता | ९३०००.०० |
| ७७- २०७५/११/१३ | वडा नं. ९ का पदाधिकारी बैठक भत्ता | १८३०००.०० |
| ७८- २०७५/११/१३ | वडा नं. ७ का पदाधिकारी बैठक भत्ता | १२६०००.०० |
| ७९- २०७५/११/१७ | वडा नं. ५ का पदाधिकारी बैठक भत्ता | १२६०००.०० |
| ८०- २०७५/११/१७ | वडा नं. ४ का पदाधिकारी बैठक भत्ता | १२१०००.०० |
| ९६- २०७५/१२/१२ | वडा नं. ३ का पदाधिकारी बैठक भत्ता | १३२०००.०० |
| ९६- २०७५/१२/१२ | कार्यपालिका बैठक | १४५०००.०० |
| ९७- २०७५/१२/१५ | कार्यपालिका बैठक | ४५०००.०० |
| १४३- २०७६/२/२ | वडा नं. ८ बैठक भत्ता | १८३६००.०० |
| १९६- २०७६/३/२५ | वडा नं. ९ को बैठक भत्ता | ९५४००.०० |
| १९७- २०७६/३/२५ | वडा नं. २ को बैठक भत्ता | ९८०००.०० |
| २०१- २०७६/३/२५ | वडा नं. १ को बैठक भत्ता | १०५०००.०० |
| २०७- २०७६/३/२५ | वडा नं. ३ को बैठक भत्ता | ८९६००.०० |
| २२६- २०७६/३/२५ | वडा नं. ४ को बैठक भत्ता | ७८०००.०० |
| २४०- २०७६/३/२८ | कार्यपालिका र राजश्व परामर्श बैठक | २४००००.०० |
| २४६- २०७६/३/२८ | वडा नं. ६ को बैठक भत्ता | ८२२००.०० |
| २४७- २०७६/३/२८ | वडा नं. ४ को बैठक भत्ता | ९७२००.०० |
| २५१- २०७६/३/२८ | वडा नं. ४ को बैठक भत्ता | ७६५००.०० |

| मिति | विवरण | रकम |
|---|---|---|
| २५२- २०७६/३/३० | कार्यपालिका बैठक भत्ता | २२०००.०० |
| २५६- २०७६/३/३० | कार्यपालिका बैठक भत्ता | १३५०००.०० |
| | **जम्मा** | **२७३५५००.००** |

१८. **न्यायीक समिति भत्ता -** कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७५ को अनुसूची १ को द्रष्टव्य ३ मा गाँउ तथा गाँउपालिकाका न्यायीक समितिका सदस्यहरुलाई मात्र प्रति महिना बढीमा २ वटा बैठकको लागि प्रति बैठक पाँचसय रुपैया उपलब्ध हुने व्यवस्था भएकोमा गाँउपालिकाले निम्नानुसार न्यायीक समितिका सदस्यहरुलाई भूक्तानी दिएकोले कानून विपरितको उक्त सुविधा असुल गर्नुपर्ने रु.. ४१,५००/-

| नाम | बैठक संख्या | भूक्तानी दिनुपर्ने रकम | दिएको रकम | बढी भूक्तानी |
|---|---|---|---|---|
| संयोजक श्री मनशोभा बुढा | १७ | ८५००.०० | १७०००.०० | ८५००.०० |
| सदस्य श्री देउमल दर्जी | १७ | ८५००.०० | १७०००.०० | ८५००.०० |
| सदस्य श्री टेक ब. विष्ट | १५ | ७५००.०० | १५०००.०० | ७५००.०० |
| | **जम्मा** | **२४५००.००** | **४९०००.००** | **२४५००.००** |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ अनुसार न्यायीक समितिमा उप प्रमुख सहित ३ जना सदस्य रहने व्यवस्था रहेकोमा थप एक जना पदम बहादुर बुढालाई १७ वटा बैठकमा बसेको भनी रु.१७,०००। भूक्तानी दिएकोले उक्त रकम असुल गर्नुपर्ने ।

१९. **कर्मचारी व्यवस्था -** निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपुर्ति व्यवस्थापन गर्नुपर्ने उल्लेख छ । गाँउपालिकामा रहने कर्मचारी दरवन्दी ३७ रहेपनि पदपूर्ति ४ मात्र रहेको कारण ३३ पद रिक्त रहेका छन् । पदहरु रिक्त रहेकोले गाँउपालिकाद्धारा प्रदान गर्ने सेवामा असर पर्न सक्ने भएकोले समयमै पदपुर्ति गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२०. **अतिरिक्त भत्ता -** स्वास्थ्य मन्त्रालय मातहतका प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७३ को दफा ५ मा कर्मचारीहरुले यस कार्यविधि बमोजिम प्रोत्साहन भत्ता मासिक रुपमा अनुसूची १ बमोजिमका सूचकको आधारमा शुरु तलबमानको अधिकतम पचास प्रतिशत हुने व्यवस्था छ । गाँउपालिकाले निर्देशिका बमोजिम सूचक नै तयार नगरी निम्न भौ.नं. र मितिबाट अतिरिक्त समय भत्ता भूक्तानी गरेकोले अनियमित देखिएको रु... १०,०१,५८६/-

| भौ.नं. र मिति | रकम |
|---|---|
| ७०- २०७५/११/९ | ३२४९४१.०० |
| २३८- २०७६/३/२७ | ६७६६४५.०० |
| **जम्मा** | **१००१५८६.००** |

२१. **पोशाक -** नेपाल सरकारले हिमाली क्षेत्रका जिल्लाहरुमा कार्यरत कर्मचारीहरुलाई पोशाक खर्चवापत बार्षिक एकमुष्ठ रु.१५,०००। तोकेकोमा निम्न कर्मचारीहरुले रु.२०,०००। को दरले भूक्तानी लिएकोले बढी भूक्तानी लिएको रकम असुल गर्नुपर्ने रु... ३०,०००/-

| कर्मचारीको पद, नामथर | बढी रकम |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत श्री जिवलाल कुवँर | ५०००.०० |
| लेखापाल श्री तेजेन्द्र प्रसाद गौतम | ५०००.०० |
| सव इन्जिनियर श्री प्रकाश परियार | ५०००.०० |
| खरिदार श्री मनिकलाल वटाला | ५०००.०० |
| प्र.सं.कृषि श्री बीर बहादुर सार्की | ५०००.०० |
| ना.प.स्वा.प्रा. पशु श्री कुल प्रसाद न्यौपाने | ५०००.०० |
| **जम्मा** | **३००००.००** |

**सामानीकरण चालु तर्फ :**

२२. **सरुवा भ्रमण खर्च -** भ्रमण खर्च नियमावली, २०६४ को नियम ९ मा कर्मचारी सरुवा भई जाँदा यस नियमावली बमोजिम दैनिक भत्ता र भ्रमण खर्च पाउने व्यवस्था छ । गाँउपालिकामा बुङ्गल नगरपालिका बझाङबाट सरुवा भई आएका निम्न कर्मचारीहरुले नियमले पाउने भन्दा बढी भूक्तानी लिएको देखिएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन् ।

| | | |
|---|---|---|
| २२.१ | ३।२०७५।९।९, प्रमुख प्रशासकीय अधिकृत श्री जीवलाल कुवँर बझाङबाट यस पालिकामा सरुवा भई आउँदा ४ दिन अर्थात ३.२५ दिनको दैनिक भत्ता रु.१६००।- ले ४ जनाको रु.२०,८००।- भ्रमण खर्च प्रतिव्यक्ति रु.३,९००- ले ४ जनाको रु.१५,६००। र फुटकर खर्च रु.२,०००।- समेत ३८,४००।- भूक्तानी गर्नुपर्नेमा रु.५२,६४०। भूक्तानी गरेकोले बढी भूक्तानी गरेको असुल गर्नुपर्ने रु.. | १४,२४०/- |
| २२.२ | सव ईन्जिनियर प्रकाश परियार बझाङदेखि यस पालिकामा सरुवा भई आउँदा ४ दिन अर्थात ३.२५ दिनको दैनिक भत्ता रु.१२००।- ले ४ जनाको रु.१५,६००।- भ्रमण खर्च प्रतिव्यक्ति ३,९००।- ले ४ जनाको रु.१५,६००।- र फुटकर खर्च रु.२,०००।- समेत ३३,२००।- भूक्तानी गर्नुपर्नेमा रु.४९,९६०।- भूक्तानी गरेकोले बढी भूक्तानी गरेको असुल गर्नुपर्ने रु.. | १६,७६०/- |
| २३. | **बील भरपाई -** लेखापालनमा खर्च लेखाङ्कन गर्दा खर्चको विलभरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । गाँउपालिकाका उपाध्यक्ष श्री मनशोभा बुढाले पलाँता गाँउपालिकामा आगलागि पीडितलाई राहत वितरण गर्न भनी रु.२,००,०००।- भूक्तानी लिएकोमा उक्त रकम आगलागि पीडितलाई बुझाएको भरपाई पेश नभएकोले आगलागि पीडितलाई रकम बुझाएको भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु... | २,००,०००/- |
| २४. | **अग्रिम कर -** आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा शुल्क भूक्तानी गर्दा १५ प्रतिशत अग्रिम करकट्टी गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले उच्च अदालत सुर्खेतमा बहस गरेवापत अधिवक्ता श्री देवी बहादुर सेजुवाललाई रु.७८,२००। भूक्तानी गर्दा १५ प्रतिशतले रु.११,७३०। करकट्टी गर्नुपर्नेमा कट्टी नगरेकोले असुल गर्नुपर्ने रु... | ११,७३०/- |
| २५. | **कार्यविधि निर्माण -** जे.जी. एण्ड कम्पनी (रजिष्टर अडिटर) मार्फत ३ वटा कार्यविधि निर्माण गरी रु.४,५०,०००। भूक्तानी गरेकोमा निम्न व्यहोरा देखियो । | |
| २५.१ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका संस्थाबाट खरिद गर्नुपर्ने व्यवस्था भएकोमा गाँउपालिकाले मूल्य अभिवृद्धि करमा दर्ता नभएको उक्त कम्पनीसँग कारोवार गरेकोले अनियमित देखियो । अतः सेवा खरिद गर्दा मूल्य अभिवृद्धि करमा दर्ता भएको संस्थासँग गर्नुपर्दछ । | |
| २५.२ | आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा शुल्क भूक्तानीमा १५ प्रतिशत अग्रिम करकट्टा गर्नुपर्ने व्यवस्था अनुसार भूक्तानी रकम रु.४,५०,०००। को १५ प्रतिशतले रु.६७,५००। अग्रिम करकट्टा गर्नुपर्नेमा रु.४७,२५०। मात्र कट्टी गरेकोले असुल गर्नुपर्ने रु... | २०,२५०/- |
| | **बहुक्षेत्रीय पोषण तर्फ :** | |
| २६. | ३-२०७६।१।३, लेखापालनमा खर्च लेखाङ्कन गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पोषण स्वंय सेवक श्री कमल बहादुर शाहीले २८ वटा पोलि हाउसको सामाग्री खरिद गरेकोमा २२ वटा मात्रै वितरण गरेको यसरी वितरण गर्दा वडाको सिफारिश अनुसार वितरण गर्नुपर्नेमा वडा नम्बर ४ का किसान करिष्मा बुढा, अप्सरा बटाला र दिपेन्द्र सहकारीलाई वडाको सिफारिश वेगर पोली हाउस वितरण गरेको पाईयो । २८ वटा खरिद गरी २२ वटा मात्रै वितरण गरेको भरपाई पेश गरेको देखिएकोले बाँकी ६ वटा पोली हाउस कँहा प्रयोग भएको हो, यकिन गर्नुपर्ने अन्यथा प्रतिपोल हाउसको रु.७,१४३। को दरले असुल गर्नुपर्ने देखिएको रु... | ४२,८५७/- |
| २७. | १८।२०७६।३।३०, पोषण संयोजक श्री कमल बहादुर शाहीको रु.२,४२,३५। पेश्की फछ्र्यौट गर्दा निम्न व्यहोरा देखियो । | |
| २७.१ | प्रगति ह्यचरी एण्ड पोल्ट्री फर्म बाँके बाट ४०० वटा कुखुराका चल्ला खरिद गरी रु.१,१८,०००। भूक्तानी गरेकोमा उक्त चल्लाहरु स्वस्थ थिए या थिएनन् परिक्षण गरेको देखिएन । | |
| २७.२ | लु १ च ७२३६ नम्बरको गाडीमा मिति २०७६जेष्ठ ५ मा नेपालगञ्ज देखि जिते बजारसम्म उक्त चल्लाहरु ढुवानी गराई रु.७,३५०। भूक्तानी गरेकोमा सोही मितिमा सोही गाडी प्रयोग गरी चल्ला ढुवानी गरेको भनी थप ८०,०००। खर्च लेखेकोले दोहोरो भूक्तानी भएको उक्त रकम असुल गर्नुपर्ने रु... | ८०,०००/- |
| २८. | ५।२०७६।३।३१, पोषण संयोजक कमल बहादुर शाहीलाई निम्नानुसार भूक्तानी दिएकोमा निम्न व्यहोरा देखियो । | |
| २८.१ | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च लेख्दा विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । निजले साल्ट ट्रेडीङ्ग कालीकोट डीपोबाट रु.१८,४००। मूल्यको नुन खरिद गरेको र सो नुन ढुवानी गर्न रु.७१,६००। भूक्तानी गरेकोमा साल्ट ट्रेडीङ्ग कालिकोटबाट नुन खरिद गरिएको बिल | |

| | | |
|---|---|---|
| | संलग्न नगरेकोले उक्त खर्च वास्तविक हो भन्ने आधार छैन । साल्ट ट्रेडीङ्ग कालिकोटबाट नुन खरिद गरेको बिल पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु... | ९०,०००/- |
| २८.२ | पालिका स्तरीय पोषण समितिको बैठक भत्ता रु.१,१२,५००। वितरण गरेकोमा सहभागीहरुको उपस्थितिमा भएको हाजिरी र बुझेको भरपाईमा भएको हाजिरी फरक फरक देखिएकोले उक्त रकम गाँउपालिकाले एकिन गरी असुल गर्नुपर्ने रु... | १,१२,५००/- |
| | **स्थानीय विकास साझेदारी तर्फ :** | |
| २९. | **लागत अनुमान -** ४- २०७६।३।२५, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान नेपाल सरकार, मन्त्रीपरिषदवाट स्वीकृत गराई स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले नन्दादेवी मा.वि.को फिल्ड निर्माणमा ज्यामी मार्फत खन्ने लागत अनुमान स्वीकृत गराई कार्य गरेकोमा उपभोक्ता समितिबाट पेश गरेको फोटो अनुसार उक्त कार्यमा डोजरको प्रयोग गरेको देखिन्छ । अतः डोजरको प्रयोग गरेकोमा ज्यामीको रकमले हुने दर भुक्तानी गरेकोले वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.. | ६,७६,१०९/- |

| विवरण | परिमाण ( घ.मि.) | भूक्तानी भएको दर | हुनुपर्ने दर | फरक | बढी भूक्तानी |
|---|---|---|---|---|---|
| Ordinary Soil | १४४१.९६ | ३४० | ९०.४० | २४९.६० | ३५९९१३.०० |
| Hard Soil | ७२०.९८ | ४०८ | ११३ | २९५ | २१२६८९.०० |
| Ordinary Rock | २४०.३३ | १३६० | २२६ | ११३४ | २७२५३४.०० |
| | | | | | ८४५१३६.०० |
| | | | | जनश्रमदान | १६९०२७.०० |
| | | | | असुल गर्नुपर्ने | ६७६१०९.०० |

